# स्थानीय राजपत्र

भुम्लु गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ४ संख्या २५ मिति २०७७ भाद्र ३१ गते

## भाग २

## भुम्लु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## सल्ले, काभ्रेपलाञ्चोकको

## सूचना

भुम्लु गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

हेभी इक्युप्मेन्ट सञ्चालन सम्बन्धी कार्यविधी २०७७

**प्रस्तावनाः** स्थानीय पूर्वाधार विकास आयोजना तथा परियोजनाहरुलाई छिटो छरीतो र गुणस्तरीय बनाउन भुम्लु गाउँपालिकाको स्वमित्वमा रहेका हेभी इक्युप्मेन्टहरुको सञ्चालन र व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) घ को ११ ले निर्दिष्ट गरे बमोजिम भुम्लु गाउँपालिकाले हेभी इक्युप्मेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम हेभी इक्युप्मेन्ट सञ्चालन सम्बन्धी कार्यविधी २०७७ रहने छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भएपछि लागु हुनेछ ।

२. **परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा :

(क) “हेभी इक्युप्मेन्ट” भन्नाले रोलर, ब्याक-हु लोडर, ग्रेडर ,वाटर ट्याङ्कर, बारुण यन्त्र, ट्रिपर, स्कयाभेटर लगायतका अन्य ठुला सवारी साधनलाई सम्झनु पर्दछ ।

(ख) “ कार्यपालिका” भन्नाले भुम्लु गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) “समिति” भन्नाले यस कार्यविधि अन्तरगत गठित सञ्चालक समितिलाई सम्झनु पर्दछ ।

(घ) "शाखा" भन्नाले भुम्लु गाउँपालिका भित्र रहेको हेभी इक्युप्मेन्ट सञ्चालन गर्न तोकिएको शाखालाई सम्झनु पर्दछ ।

(ङ) "कोष" भन्नाले भुम्लु गाउँपालिकाको हेभी इक्युप्मेनंट सञ्चालन गर्नका लागि तोकिएको आर्थिक कोषलाई सम्झनु पर्छ ।

(च) "चालक" भन्नाले हेभी इक्युप्मेन्ट चलाउने चालकलाई सम्झनु पर्छ

(छ) यस कार्यविधिमा "सवारी साधन" भन्नाले हेभी इक्युप्मेनटलाई सम्झनु पर्दछ ।

(ज) " सेवाग्राही" भन्नाले यस कार्यविधि अनुसार सेवा लिन चाहने सार्वजनिक संघ,संस्था, समिति, उपभोक्ता समिति र व्यक्तिलाई सम्झनु पर्छ ।

३. **सञ्चालन समितिको गठन**: (१) भुम्लु गाउँपालिकामा रहेका हेभी इक्युप्मेन्ट सञ्चालनको लागि देहाय बमोजिमको सञ्चालन समिती रहने छः भुम्लु गाउँपाकालिमा रहेको पूर्वाधार विकास समितले नै सञ्चान समितिको रुपमा काम गर्ने छ ।

४. **समितिको काम कर्तव्य र अधिकार**: (१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ,

(क) सवारी साधन प्रयोगको दररेट परिमार्जनका लागि गाउँपालिकालाई सिफारिस गर्ने

(ख) सवारी साधनको रेखदेख गर्ने

(ग) सवारी साधन सञ्चालनको अवस्थाको रेखदेख गर्ने

(घ) सवारी साधनको मर्मतका लागि गाउँपालिकासँग आवश्यक समन्वय गरी व्यवस्थान गर्ने

(ङ) गाउँपालिकामा नियमित रुपमा सवारी साधन सञ्चालनको प्रगती प्रतिवेदन पेश गर्ने

(च) अन्य आवश्यक कार्य गर्ने

५. **सामितीको वैठक**ः (१) समितिको वैठक देहाय अनुसार बस्नेछ ,

(क) साधारण अवस्थामा दुई महिनाको १ वैठक अनिवार्य रुपमा वस्नु पर्नेछ ।

(ख) आकस्मिक अवस्थामा जुनसुकै समयमा जतिवटा पनि वैठक वस्न सक्नेछ ।

६. **सवारी साधन उपलब्धता सम्बन्धी व्यवस्था**ः (१) भुम्लु गाउँपालिकासँग रहेका हेभी इक्युप्मेन्ट हरु गाउँपालिकाले प्रयोग गर्ने छ, गाउँपालिका वाहेकका सेवा ग्राहीले प्रयोग गर्न चाहेमा देहाय बमोजिमको प्रक्रिया पुरा गरी सवारी साधन लैजना सक्नेछन,

(क) सेवाग्राहीले अनुसूची -१ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

(ख) गाउँपालिकाबाट उपलब्ध गराईने सवारी साधनको भाडादर अनुसूची २ मा व्यवस्था भए बमोजिम हुने छ ।

(ग) सेवा ग्राहीले अनुसूची १ बमोजिमको निवेदन दिई समितिले सिफारिस गरेम अनुसूची २ बमोजिमको शुल्क रावश्व शाखा दाखिला गरेपछि अनुसूची ३ बमोजिमको सम्झौता गरी सवारी साधान सेवा ग्राहीलाई उपलब्ध गराइनेछ ।

(घ) आपतकालीन अवस्थाम तत्कालै सवारी साधन उपलब्ध गराउनु पर्ने अवस्था आएमा समितले पछि अनुमोदन गर्ने गरी सवारी साधन आवश्यकता हेरी सेवा ग्राहीलाई शाखाले उपलब्ध गराउन सक्नेछ ।

(ङ) अग्रीम दस्तुर बुझाएको भन्दा बढी समय प्रयोग गरेमा नियमअनुसार थप दस्तुर लाग्नेछ । थप दस्तुर उठाउने दायित्व सवारी चालकको हुनेछ ।

(च) लापरबाहीका कारण सवारीसाधनमा क्षती पुगेमा त्यसको सम्पुर्ण जिम्मेवारी सेवा ग्राहीले लिनु पर्नेछ ।

(छ) विपत्ती र गाउँपालिकाबाट गरिने विशेष कार्यको सन्दर्भमा सवारी साधन सञ्चालन गर्नु परेमा महसुल छुट गर्न सकिनेछ सो को जानकारी गाउँ कार्यपालिकालाई गराउनु पर्नेछ

(ज) गाउँपालिकाबाट सम्झौता भई उपभोक्ता समिति वा निर्माण व्यवसायीले रकम तत्काल उपलब्ध गराउन नसकेमा पछि

गाउँपालकाबाट भुक्तानी हुने समयमा रकम कट्टा गर्न सकिनेछ ।

**स्पष्टिरणः** यस कार्यविधिमा अन्यत्र जेसुकै कुरा लेखिएको भएतापनि सेवा ग्राहीले सवारी साधन लगेको अवस्थामा यदि गाउँपालिकालाई सवारी साधन आवश्यक भएमा जुनसुकै समयमा सवारी साधन फिर्ता ल्याउन सकिनेछ ।

७. **सञ्चालन कोषको व्यवस्थाः** (१) सवारी साधनहरु सञ्चालनका लागि एउटा छुट्टै कोष सञ्चालन गरिनेछ, उक्त कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन ,

(क) भुम्लु गाउँपालिकाबाट सवारी साधन सञ्चालनका लागि विनियोजित रकम

(ख) सेवाग्राहीबाट प्राप्त हुने दस्तुर

(ग) विभिन्न निकायबाट प्राप्त हुने रकम

८. **कोष सञ्चालन विधिः** (१) प्रचलित कानुन अनुसार गाउँपालिकाको कोष सञ्चालन हुने नियम अनुसार नै सवारी साधन सञ्चालन कोष सञ्चालन हुनेछ ।

९. **विविधः**

(क) यसमा उल्लेख नभएका अन्य व्यवस्था गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(ख) गाउँकार्यपालिकाले समय अनुसार कार्यविधिमा परिमार्जन गर्न सक्नेछ ।

(ग) यस कार्यविधिको अन्तिम व्याख्या गाउँकार्यपालिकाले गर्नेछ ।

अनुसुची -१

(दफा ६ को क सँग सम्बन्धीत )

रोलर/ ग्रेडर/ व्याकहो लोडर /ट्रिपर / अन्य सवारी साधन भाडामा लिने सम्बन्धी निवेदनको ढाँचा

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
भुम्लु गाउँपालिकाको कार्यालय
सल्ले, काभ्रेपलाञ्चोक

विषयः ..................................भाडामा पाउँ

............................................................कामको लागि गाउँपालिकाको नियमअनुसार .......................... उल्लेखित समयको लागि उपलब्ध गराईदिनु हुन निवेदन गर्दछु ।

१. रोलर /ग्रेडर/ व्याकहो लोडर/ स्क्याभेटर / ट्रिपर/ अन्य सवारी साधन कार्यको विवरण स्थान सिष्ट कहिले देखि अनुमानित कार्य अवधी ................................ देखि ........................... सम्म कार्यालयको नियम अनुसार राजश्व जम्मा गरिसकेपछि मेसिन लैजाने र काम गर्ने कुरामा कार्यालयले तोकेको सम्पूर्ण नियम तथा शर्तहरु पालना गर्न मन्जुर गर्दछु ।

निवेदकको पुरा नाम र ठेगानाः
निवेदकको टेलिफोन न.(अनिवार्य):
निवेदकको हस्ताक्षरः

(कार्यालय प्रयोजनको लागि मात्र)

श्री आर्थिक प्रशासन शाखा

.................... निम्न बमोजिम रकम आम्दानी बाध्नु होला ।

भाडामा दिएको

विवरण :

भाडा दर.................... जम्मा राजश्व रकम :

प्रतिघण्टा/ सिफ्टः

राजश्व रकम प्राप्त भएको :

मितिः

पेश गर्ने कर्मचारी

प्रमाणित गर्ने अधिकृतको दस्तखत

अनुसूची -२

(दफा ६ को (ख) सँग सम्बन्धीत )

हेभी इक्युप्मेन्ट प्रयोग गरे बापतको दस्तुर

| सि.न. | इकुप्मेन्टको नाम | दररेट | कैफियत |
|---|---|---|---|
| १ | व्याकहो लोडर | रु.१५००।— प्रतिघण्टा | इन्धन बाहेक |
| २ | ट्रिपर | रु.१०,०००।— प्रतिदिन | ,, |
| ४ | स्क्याभेटर | रु.३०००।— प्रतिघण्टा | ,, |

माथि उल्लेखित दररेटम कार्यालय दिन/ समयमा १० प्रतिशत र कार्यालय समय बाहेक वा विदाका दिनम १५ प्रतिशत चालक भत्ताको व्यवस्था सेवाग्राहीले गर्नु पर्नेछ ।

अनुसूची -३

(दफा ६ को (ग) सँग सम्बन्धीत )

भुम्लु गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय , काभ्रेपलाञ्चोक र ..........................बिच गाउँपालिकाको स्वामित्वमा रहेका हेभी सवारी साधन / साना सवारी साधन भाडामा लगाउने कार्य सम्बन्धी

सम्झौता पत्र

भुम्लु गाउँपालिका (यस पछि पहिलो पक्ष भनिएको )............................ (यस पछि दोस्रो पक्ष भनिएको) को बीचमा हेभी सवारी साधन/ साना सवारी साधन भाडामा लगाउने कार्य देहाय बमोजिमको सेवा तथा शर्तहरुको अधिनम रहि कार्यान्वयन गर्न गराउन दुवै पक्ष एक आपसमा सहमत भई भुम्लु गाउँपालिका कार्यालयमा वसी यो द्धिपक्षीइ सम्झौता पत्रमा हस्ताक्षर गरी दिंयौ / लियौं

१. प्रथम पक्षले द्धितीय पक्षलाई ..........................................कामको लागि मिति .......................... देखी ................................सम्म घण्टाको .......... दरले भाडामा उपलब्ध गराउनु पर्नेछ ।

२. भुम्लु गाउँपालिका क्षेत्र भित्र सार्वजनिक निर्माणको कार्य गर्न प्रति घण्टा रु..................मा दोस्रो पक्षले भुक्तानट्ठ गर्ने गरी दुवै पक्षले यो सम्झौतामा हस्ताक्षर गर्यौ ।

३. सवारी साधन लापरवाही पूर्ण तरिकाबाट सञ्चालन गरी दुर्घटनामा परेमा र सो कुरा पुष्टी हुन आएमा उक्त क्षतीको सम्पुर्ण जिम्मा दोस्रो पक्षले लिनु पर्नेछ ।

हेभी इक्युप्मेन्ट सञ्चालन सम्बन्धी कार्यविधि-२०७७ मा भएका कुराको अतिरिक्त निम्नलिखित अधिकार प्रथम पक्षलाई हुनेछ ।

(क) समयमा कार्य सम्पादन हुन नसके हेभी इक्युप्मेन्ट फिर्ता गरी सम्झौता भङ्ग गर्ने ।

(ख) प्रचलीत कानून वा खरिद सम्झौता बमोजिम उपलब्ध हुने अन्य उपचार ।

सम्झौतामा उल्लेख नभएका विषयबस्तुहरुको हकमा नेपालको प्रचलित कानून बमोजिम हुनेछ ।

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
| दस्तखतः | दस्तखत |
| प्रमुख प्रशासकीय अधिकृत | |
| भुम्लु गाउँपालिका | |

साक्षीहरु

| | | | |
|---|---|---|---|
| दस्तखत | दस्तखत | दस्तखत | दस्तखत |
| योजना शाखा | पू.वि.स. संयोजक | जिन्सी इकाई | चालक |

**आज्ञाले,**

**मदन कुमार बजगाई**

**प्रमुख प्रशासकीय अधिकृत**